श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

राजस्व सदस्य गोविन्दप्रसाद अधिकारी

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

फैसला

२०७८।०७९ सालको निर्णय नं. १६६

पुनरावेदन नं. ०७६-RB-०१५७

मुद्दाः– भन्सार चोरी निकासी ।

जिल्ला धनुषा ठाडी झिझा गा.वि.स.हाल विदेह नगरपालिका वडा न. १ बस्ने रामु भन्ने रामाकान्त राउत.........................................................................१ } पुनरावेदक प्रतिवादी

विरुद्ध

जनकपुर भन्सार कार्यालय जनकपुर........................................................१
ऐ.ऐ. कार्यालयका भन्सार अधिकृत रामेश्वर कुमार मिश्र...............................१ } प्रत्यर्थी वादी

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- जनकपुर भन्सार कार्यालय
शुरु निर्णय गर्ने अधिकारीः- भन्सार अधिकृत श्री रामेश्वर कुमार मिश्र
शुरु कार्यालयको निर्णय मितिः– २०७६/०१/०८

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ता श्री रमणकुमार कर्ण
प्रत्यर्थीका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतम
**अविलम्वित नजीरः ×**

जनकपुर भन्सार कार्यालयका भन्सार अधिकृतले मिति २०७६।०१।०८ मा गरेको फैसला उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्र हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. मिति २०५२।०७।२३ गते राती अन्दाजी २०:०० बजेको समयमा जिल्ला धनुषा परवाहा स्टेशनबाट भडरीया जाने सडकबाट आल्मुनियमको धुलो र पाता मालवस्तु भारत जयनगर बस्ने वणारसी प्रसाद रौनियार जिल्ला धनुषा कनकपट्टी वडा न. १ बस्ने बौकु साह, सुरेश यादव, विलास यादव, जिवछ साह, ऐ.ऐ. वडा न. २ बस्ने पलट यादव, महेन्द्र मण्डल, रामचन्द्र यादव, ऐ.ऐ. वडा न. ३ बस्ने भोला यादव, ऐ.ऐ. वडा न. ४ बस्ने रिझन साह र लक्षमण यादवले १२ वटा टायर गाडामा लोड गरेको वोरामा राखी भारततर्फ लैजादै गरेको अबस्थामा १२ वटा टायर गाडी, सामान र मानिसहरु समेत बरामद भएको मिति २०५२।०७।२३ गतेको खानतलासी तथा बरामदी मुचुल्का।

२. मिति २०५२।०७।२३ गते राती अन्दाजी २०:०० बजेको समयमा जिल्ला धनुषा परवाहा स्टेशनबाट भडरीया जाने सडकबाट स्टील तथा आल्मुनियमको धुलो १२०० केजी., पाता २८०० के.जी., २४ वटा गोरु, १२ वटा टायर गाडामा लोड गरेको वोरामा राखी भारततर्फ लैजादै गरेको अबस्थामा गाडी, सामान र ११ जना मानिस बरामद भएको बरामदी मुचुल्का समेत संलग्न गरी आवश्यक कारबाहीको लागि जनकपुर भन्सार कार्यालयमा पेश गरेका छौ भन्ने प्र.नि. यादवराज खनाल समेतको प्रतिबेदन।

३. मैले चलाएको वयल गाडा एक र वयल जोडा एक मेरो हो। बरामद भएको समान मेरो होइन। भारत जयनगर बस्ने वणारसी प्रसाद रौनियारको हो। प्रति वोरा रु.१०।— भाडा तय गरी गाडामा लोड गरी लगिराखेको अबस्थामा बरामद भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी रामचन्द्र यादवले जनकपुर भन्सार कार्यालयका भन्सार प्रमुख समक्ष मिति २०५२।०७।२७ गते गरेको बयान।

४. मैले चलाएको वयल गाडा एक र वयल जोडा एक मेरो हो। बरामद भएको समान मेरो होइन। भारत जयनगर बस्ने वणारसी प्रसाद रौनियारको हो। प्रति वोरा रु.१०।— भाडा तय गरी गाडामा लोड गरी लगिराखेको अबस्थामा बरामद भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी भोला यादवले जनकपुर भन्सार कार्यालयका भन्सार प्रमुख समक्ष मिति २०५२।०७।२७ गते गरेको बयान।

५. मैले चलाएको वयल गाडा एक र वयल जोडा एक मेरो हो। बरामद भएको समान मेरो होइन। जिल्ला धनुषा विश्रामपुर गा.वि.स. वडा न. ३ बस्ने शिवशंकर प्रसाद गुप्ताको हो। म शिवशंकर प्रसाद गुप्ताको मासिक रु.२७००।—मा काम गर्न बसेको छु। बरामद सामान मेरो जिम्मामा लगिराखेको अबस्थामा बरामद भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी बनारसी प्रसाद रौनियारले जनकपुर भन्सार कार्यालयका भन्सार प्रमुख समक्ष मिति २०५२।०७।२८ गते गरेको बयान।

६. प्रतिवादी शिवशंकर प्रसाद गुप्ताको नाममा जारी भएको म्याद पुर्जी मिति २०५२।१०।१३ गते तामेल भएको। निज प्रतिवादी शिवशंकर प्रसाद गुप्ताले धन जमानीको लागि जनकपुर भन्सार कार्यालयमा निवेदन दिएको।

७. प्रतिवादी बनारसी प्रसाद रौनियारको जमानतको लागि जिल्ला धनुषा ठाडी झिझा गा.वि.स. वडा न. ९ हाल विदेह नगरपालिका वडा न. १ बस्ने रामु भन्ने रामाकान्त राउत भुमिहारका नाममा दर्ता रहेको १७ कित्ता जग्गा रोक्का राख्न मालपोत कार्यालय धनुषामा मिति२०५२।११।०३ मा च.न. ५०८ बाट पत्राचार गरेकोमा मिति २०७३।०९।०४ च.नं. ५५८८ को पत्रबाट उक्त जग्गाहरु धनजमानीमा रोक्का रहेको ।

८. मिति २०५२।०७।२८ र मिति २०५२।०७।२९ को आदेश बमोजिम रु.७,४०,६२५।—धरौटी वापत रामु भन्ने रामाकान्त राउत भुमिहारको नाममा रहेको जग्गा जेथा जमानी लिई थुनामा रहेका प्रतिवादी बनारसी प्रसाद रौनियारलाई कारागार कार्यालय महोत्तरीले च.न. ७५४ मिति २०५२।११।०३ मा पत्राचार गरी थुना मुक्त गरेको।

९. मिति २०५२।०७।२३ गते बरामद भएका गोरु थान-१२ मिति २०५२।०७।२४ गते रु.९०,१००।—मा हुलास यादवले डाक लिलाम सकार गरेको।

१०. मिति २०५२।०७।२३ गते बरामद जस्ता तथा आल्मुनियमको ढिक्का र धुलो मिति २०५४।०४।०५ गते रु.१,८२,७००।—मा श्याम सुन्दरले डाक लिलाम सकार गरेको।

११. प्रतिबादी बनारसी प्रसाद रौनियारले भन्सार ऐन, २०६४ को दफा २(ङ) को कार्य गरेकोले चोरी निकासी ठहर्छ। बौकु साह, सुरेश यादव, विलास यादव, जिवछ साह, पलट यादव, महेन्द्र मण्डल, रामचन्द्र यादव, भोला यादव, रिझन साह र लक्ष्मण यादवले चोरी निकासी कसुर गर्न मद्दत गरेकोले भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (३) अनुसारको कसुर गरेको ठहर्छ। आल्मुनियमको धुलो र पाता समेतको सामान दफा ४६ बमोजिम जफत हुने ठहर्छ। प्रस्तुत मुद्दामा रु.८,७५,६००।—बिगो कायम हुने ठहर्याई शुरु जनकपुर भन्सार कार्यालयबाट मिति २०७६।०१।०८ मा भएको फैसला।

१२. मिति २०५२।०७।२३ गते राति २०:०० बजे सामान बरामद भएको हुदा तत्कालिन अवस्थामा भन्सार ऐन,२०१९ रहेको र प्रारम्भिक कानूनी कारवाही समेत सोहि ऐन अनुसार भएको मिशिल संलग्न कागजातहरुबाट पुष्टि भै रहेको छ। तर बिपक्षी कार्यालयले निर्णय गर्दा भन्सार ऐन, २०६४ अनुसार सजाय गरेको छ जुन कानून त मिल्दैन। मिति २०५२।०७।२३ बाट कारवाहि शुरु गरेको २४ वर्ष पछि मात्र विपक्षी भन्सार कार्यालयले निर्णय गरेको छ जसबाट बिपक्षी भन्सार कार्यालयको चरम हेलचेक्रयाई तथा बदनियत रहेको प्रष्ट देखिन्छ किनकि ढिलो न्याय दिनु भनेको

न्याय नदिनु हो भन्ने कानूनी सिद्धान्त समेत रहेको छ। म पुनरावेदकले के कसुर गरे भन्ने कुरा कहि कतै बाट देखिदैन मबाट कुनै सामान बरामद भएको छैन। प्रतिबादी बनारसी प्रसाद रौनियारको हकमा तत्काल रु. ७,४०,६२५। धरौटी माग भएको हुदा म पुनरावेदकको नाउमा दर्ता कायम रहेको बिभिन्न १७ कित्ता जग्गाहरु जेथा जमानीबाट धरौटीमा राखेको मात्र हो। जेथा जमानी दिने म पुनरावेदकलाई समेत प्रतिबादी बनाई मेरो नाउको जेथा जमानी रहेको जग्गा नेपाल सरकारको नाउमा दा.खा नामसारी गर्ने गरी गरिएको निर्णय त्रुटिपूर्ण भएको हुदा बदर गरी मेरो नाउको जग्गा फुकुवा गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७६/१०/२९ मा यस न्यायाधिकरणमा परेको पुनरावेदन पत्र।

१३. यसमा निवेदक प्रतिवादी रामु भन्ने रामाकान्त राउत बृद्ध अबस्थाको रही बिरामीको कारणले शारीरिक अबस्था कमजोर भै स्मरण शक्ति समेत कम भएको हुँदा नियमित तारेखमा उपस्थित हुन असमर्थ भएको हुँदा यस न्यायाधिकरणबाट खोजी भएका बखत आफै उपस्तिथ हुने गरी मुलुकी फौजदारी कार्यविधि सहिता, २०७४ दफा ९५(१) बमोजिम वारेस राख्न अनुमति पाउँ भनी निवेदन दिएको देखिँदा ऐ.ऐनको दफा ९५(२) बमोजिम निवेदन माग बमोजिम वारेश राख्ने अनुमति दिइएकोछ। नियमानुसार गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।११।०२ मा भएको आदेश ।

१४. यसमा प्र.व.उ. असोक सिंह ठकुरी समेतको प्रतिवेदनले बादी नेपाल सरकार प्रतिवादी बनारसी प्रसाद रौनियार समेत भएको आल्मुनियमको धुलो र पाता चोरी निकासी मुद्दा मिति २०५२।७।२३ मा जनकपुर भन्सार कार्यालयमा दर्ता भै सो मुद्दाको अनुसन्धानको क्रममा प्रतिवादी मध्येका वनारसी प्रसाद रौनियारको हकमा कायम भएको विगो रु.६,९५,०००।- र कैद वापत समेत भनी जम्मा रु.७,४०,६२५।- समेतमा जेथा जमानी दिने रामाकान्त राउतको नाउमा दर्ता रहेको जिल्ला धनुषा गा.वि.स. झिझा वडा नं.९क कि.न.२, ३१, ४९, ५९, ६५, ७२, ७३, ८५, ८६, ९३, १११, ऐ. ९ग ३०, ७४, ७९, १०३, ९६, ऐ. ९क ८३ समेतका १७ किता जग्गाहरु जेथा जमानी दिएको र जनकपुर भन्सार कार्यालयवाट मिति २०५२।११।३ मा ती जग्गाहरु रोक्काको लागि मालपोत कार्यालय, धनुषामा पत्राचार भएको देखिन्छ। मिति २०५२।७।२३ बाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दाको मिति २०७६।९।२५ मा लामो समयको अन्तरालपछि फैसला हुँदा रु.८,७५,६००।- विगो कायम गरी प्रतिवादी बनारसी प्रसाद रौनियारको हकमा जेथा जमानी दिने रामाकान्त राउतलाई समेत प्रतिवादी कायम गरी निजले जेथाजमानी दिएको १७ किता जग्गाहरु सोझै नेपाल सरकारका नाममा दर्ता गराउने भनी भएको फैसला उपर यस न्यायाधिकरणमा मिति २०७६।१०।२९ मा पुनरावेदन परी कारवाहीयुक्त अवस्थामा रहेको र सो मुद्दाको किनारा नलाग्दै जनकपुर भन्सार कार्यालयबाट जग्गा नेपाल सरकारका नाममा दाखा दर्ता गर्ने कार्य भएमा यस

न्यायाधिकरण समक्ष दर्ता भएको मुद्दाको औचित्यता समेत समाप्त हुने अवस्था देखिएको हुँदा तत्काल जेथा जमानी दिने रामाकान्त राउतका नाममा दर्ता भई जनकपुर भन्सार कार्यालयवाट मिति २०५२।११।३ को पत्रले रोक्का रही रहेका जग्गाहरु प्रस्तुत मुद्दाको किनारा नलागुन्जेल दा. खा. दर्ता गर्ने कार्य नगर्नु/नगराउनु यथास्थितिमा राखु भनी जनकपुर भन्सार कार्यालयको नाममा देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८ वमोजिम अन्तरकालिन आदेश जारी गरिदिएको छ। सोको जानकारी जनकपुर भन्सार कार्यालयलाई दिई नियमानुसार गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।११।०२ मा भएको आदेश ।

१५. यसमा मुलुकी फौज्दारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सुचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।११।१४ मा भएको आदेश ।

१६. यसमा २०५२ सालको वारदातको विषयमा जनकपुर भन्सार कार्यालयबाट मिति २०७६/१/८ मा भएको फैसला उपर रामाकान्त राउतको यस न्यायाधिकरणमा पुनरावेदन पर्दा शुरु निर्णय सहितको शुरु सकल मिसिल माग गरिएकोमा मधेस आन्दोलन हुँदा कार्यालयमा आगलागी तथा लुटपाट समेत भएकोले फाइलको सक्कल प्रति उपलब्ध नभएको, फायलको प्रतिलिपि सुरक्षित देखिएको भनी उक्त कार्यालयको च.न.३९५ मिति २०७७/९/२६ को पत्रसाथ प्राप्त मिसिल हेर्दा केही कगजातहरुको सक्कल र अधिकांश कागजातहरुको प्रतिलिपि (छाँयाप्रति) रहेको पाइयो। प्रस्तुत मुदामा प्रतिवादी मध्येका बणारसी प्रसाद रौनियारका हकमा निजबाट माग भएको धरौटी वापत पुनरावेदक रामाकान्त राउतले आफ्नो नाउँ दर्ताको जग्गा थेथा जमानत दिएको भन्ने भएकोमा निजको जग्गा जेथा जमानत दिने भन्ने प्रतिवादीको निवेदन, आफ्नो नाउँको जग्गा प्रतिवादीसंग माग भएको धरौटी वापत जेथा जमानत दिने मन्जुरी दिएको र प्रतिवादीले तारेख गुजारे वा निजलाई लागेको दण्ड जरिवाना वापतमा जेथा जमानीबाट दायित्व व्यहोर्ने भन्ने समेत तत्काल प्रचलित मुलुकी ऐन, अदालती बन्दोबस्तको १२४क नं. बमोजिम कागजात समेत मिसिल सामेल रहेको देखिएन।विपक्षी भन्सार कार्यालयको पत्रबाट मिसिल आगलागी तथा लुटपाट भएको कारण दर्शाई सक्कल मिसिल कागज पठाउन नसकेको भन्ने देखिन्छ तर तिनै सक्कल कागजातहरुको छाँयाप्रति चाँहि सुरक्षित रहेको भन्ने देखिनु, केही सक्कलै कागजातहरु मिसिल साथ रहनु एक आपसमा विरोधाभाष एवम् अपत्यारिलो देखिएकाले कार्यालय प्रमुखले आफैले हेरी बुझी मिसिल खोजतलास गरी गराई फेला परे सक्कलै मिसिल र फेला नपरेमा मधेस आन्दोलनका क्रममा कार्यालयमा रहेका मिसिल कागजात नष्ट भएको भन्ने विवरण सहितको तत्काल खडा भएको मुचुल्का/निस्सा सहित पुनरावेदक रामाकान्त राउतले जेथा जमानत दिने मन्जुरी दिएको देखिने कागजात समेत यथासिघ्र पठाउन

विपक्षी जनकपुर भन्सार कार्यालयमा लेखी पठाइ मिसिल कागजात वा जवाफ प्राप्त भएपछी नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।१२।३० मा भएको आदेश ।

१७. सम्मानित न्यायाधिकरणवाट भएको आदेश बमोजिम फाइल खोजतलास गर्दा सो फाइल फेला नपरेको साथै मधेश आन्दोलनमा कार्यालयमा रहेको फाइल नष्ट भएको मुचुल्का पनि फेला नपरेको व्यहोरा अनुरोध छ भन्ने समेत व्यहोराको निमित प्रमुख भन्सार अधिकृत प्रमोद दासले मिति २०७९।३।१५ मा पठाएको जवाफ।

## ठहर खण्ड

१८. नियम बमोजिम पेशी सूचिमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री रमणकुमार कर्णले प्रतिवादी प्रतिबादी बनारसी प्रसाद रौनियारको हकमा तत्कालीन अबस्थामा जनकपुर भन्सार कार्यालयबाट रु.७,४०,६२५। धरौटी माग भएकोमा मेरो पक्ष पुनरावेदकको नाउमा दर्ता कायम रहेको धनुषा जिल्लाका विभिन्न १७ कित्ता जग्गाहरु जेथा जमानीको लागि मन्जुरी दिएको हो। जेथा जमानी दिने मेरो पक्ष प्रस्तुत मुद्दाको प्रतिवादी नै नरहेको अबस्थामा निजलाई समेत प्रतिबादी बनाई मेरो पक्षले जेथा जमानी दिएको जग्गा नेपाल सरकारको नाउमा दा.खा नामसारी गर्ने गरी गरिएको शुरु जनकपुर भन्सार कार्यालयको निर्णय त्रुटिपूर्ण भएको हुदा सो फैसला बदर गरी पुनरावेदकको नाउको उक्त जग्गाहरुको रोक्का फुकुवा समेत गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

१९. प्रत्यर्थी वादीको तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतमले पुनरावेदक प्रतिवादीले जेथा जमानी दिएको जग्गा नेपाल सरकारको नाउमा दा.खा नामसारी गर्ने गरी गरिएको शुरु जनकपुर भन्सार कार्यालयको निर्णय कानुनसम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

२०. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा जनकपुर भन्सार कार्यालयबाट पुनरावेदकको नाममा रहेको जग्गा नेपाल सरकारको नाममा दाखिल खारेज नामसारी गर्ने गरी भएको फैसला मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकीर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

२१. प्रस्तुत मुद्दाका प्रतिवादी वणारासी प्रसाद रौनियार समेतलाई भन्सार ऐन, २०६४ को दफा २(ङ) बमोजिम चोरी निकासी गरेको कसुरमा विगो वमोजिम आठ लाख

पचहत्तर हजार छ सय जरिवाना गर्ने गरी शुरु जनकपुर भन्सार कार्यालयले गरेको मिति २०७६।१।८ को फैसला उपर कुनै पनि प्रतिवादीको पुनरावेदन परेको नदेखिँदा सो सम्बन्धमा विचार गर्नु परेन।

२२. अव पुनरावेदकको नाममा रहेको जग्गा नेपाल सरकारको नाममा दर्ता नामसारी गर्ने निर्णय मिले नमिलेको तर्फ विचार गर्दा जिल्ला धनुषा परवाहा स्टेशनबाट भडरीया जाने सडकबाट मिति २०५२।०७।२३ गते राती अन्दाजी २०:०० बजेको समयमा आल्मुनियमको धुलो र पाता मालवस्तु भारत जयनगर बस्ने वणारसी प्रसाद रौनियार जिल्ला धनुषा कनकपट्टी वडा न. १ बस्ने बौकु साह, सुरेश यादव, विलास यादव, जिवछ साह, ऐ.ऐ. वडा न. २ बस्ने पलट यादव, महेन्द्र मण्डल, रामचन्द्र यादव, ऐ.ऐ. वडा न. ३ बस्ने भोला यादव, ऐ.ऐ. वडा न. ४ बस्ने रिझन साह र लक्षमण यादवले १२ वटा टायर गाडामा लोड गरेको वोरामा राखी भारततर्फ लैजादै गरेको अबस्थामा १२ वटा टायर गाडी, सामान र मानिसहरु समेत बरामद भएको मिति २०५२।०७।२३ गतेको खानतलासी तथा बरामदी मुचुल्काबाट देखिन्छ। बरामदीत सामान भारत विहार जयनगर बस्ने बणारसी प्रसाद रौनियार रहेको भनी वरामदी मुचुल्कामा सहीछाप गर्ने सवै प्रतिवादीहरुले स्वीकार गरेको देखिन्छ। मैले चलाएको वयल गाडा र वयल मेरो हो। बरामद भएको समान मेरो होइन। म जिल्ला धनुषा विश्रामपुर गा.वि.स. वडा न. ३ बस्ने शिवशंकर प्रसाद गुप्ताकोमा मासिक रु.२७००।—मा काम गर्न बसेको हो। बरामद सामान मेरो जिम्मामा लगिराखेको अबस्थामा बरामद भएको हो भनी प्रतिवादी बनारसी प्रसाद रौनियारले अनुसन्धान अधिकृत समक्ष गरेको बयानमा स्वीकार गरेको देखिन्छ। यीनै प्रतिबादी बनारसी प्रसाद रौनियारसंग जनकपुर भन्सार कार्यालयका भन्सार अधिकृतले मुद्दा पुर्पक्षको लागि रू.७,४०,६२५।— धरौटी माग गरी थुनछेक आदेश गरेकोमा प्रतिवादी बनारसी प्रसाद रौनियारको लागि जिल्ला धनुषा ठाडी झिझा गा.वि.स. वडा न. ९ हाल विदेह नगरपालिका वडा न. १ बस्ने रामु भन्ने रामाकान्त राउत भुमिहारका नाममा दर्ता रहेको १७ कित्ता जग्गा जेथाजमानतका लागि यी पुनरावेदक रामु भन्ने रामाकान्त राउत भुमिहारले मन्जुरी दिएपछि मालपोत कार्यालय धनुषाबाट उक्त जग्गाहरु रोक्का राखी प्रतिवादी बनारसी प्रसाद रौनियार कारागार कार्यालय महोत्तरीबाट च.न. ७५४ मिति २०५२।११।०३ को पत्र अनुसार थुना मुक्त भएको मिसिलबाट देखिन्छ।

२३. प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फवाट अभियोग पत्र दायर गर्दा पुनरावेदक रामु भन्ने रमाकान्त यादवलाई प्रतिवादी वनाएको वा कुनै कसुरको अभियोग लगाएको देखिदैन। प्रस्तुत मुद्दाको फैसलाको प्रतिवादी खण्डमा रामु भन्ने रमाकान्त राउतको नाममा उल्लेख भएको भएपनि ठहर खण्डमा निजलाई कुनै अभियोग ठहर गरेको वा

कुनै सजाय गरेको समेत देखिएन त्यसैले प्रतिवादी खण्डमा नाम उल्लेख गरेकै आधारमा पुनरावेदकलाई कुनै फौजदारी दायित्व वहन गर्नु नपर्ने हुँदा सो आधारमा अन्य प्रतिवादीको हकमा भएको फैसला बदर हुन सक्ने पनि देखिदैन। प्रस्तुत मुद्दाका प्रतिवादी वणारासी प्रसाद रौनियार सँग थुनछेकको क्रममा माग भएको धरौटी वापत पुनरावेदक रामु भन्ने रमाकान्त राउतको नाममा दर्ता रहेको धनुषा जिल्ला साविक ठाडी झिझा गा.वि.स वडा नं.९(क) को कि.न.२, ३१, ४९, ५९, ६५, ७२, ७३, ८५, ८६, ९३, १११, वडां.१ग को कि.त्ता.नं.३०, ७४, ७९, १०३, ९६ र वडां.न.९(क)को कि.न.८३ समेतका १७ कित्ता-जेथा जमानत दिइ रोक्का रहेको तथ्यमा विवाद देखिएन। उक्त जेथा जमान्त दिइ रोक्का रहेको मितिमा लागु रहेको साविक मुलुकी ऐन, अदालती बन्दोबस्तको १२४क नम्बरको देहाय (१) मा "...कुनै व्यक्तिसंग धरौट लिंदा अड्डाबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा धरौट जफत हुने शर्त उल्लेख गरी कागज गराउनु पर्छ।" भन्ने र देहाय (२) मा "...जमानत लिंदा अङ्क तोकी सो बमोजिमको सम्पति जमानत लिनु पर्छ। जमानत दिनु पर्ने व्यक्तिले आफ्नै सम्पति जमानत दिएको भए अड्डाबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा जमानतको रकम सो जमानत रहेको सम्पति वा निजको अरु कुनै सम्पतिबाट असुल गर्ने शर्त उल्लेख गरी निजको कागज गराउनु पर्छ। निजको लागि अरु कसैले आफ्नो सम्पति जमानत दिएको भए अड्डाबाट तोकिएको समय र स्थानमा निजलाई उपस्थित नगराएमा जमानतको रकम सो जमानत रहेको सम्पति वा जमानी हुने व्यक्तिको अरु कुनै सम्पतिबाट असुल गर्ने शर्त गराई जमानी हुने व्यक्तिको कागज गराउनु पर्छ।" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। साविक मुलकी ऐनको अदालती बन्दोबस्तको १२५ नम्बरमा " धरौट वा जमानीमा छुटेको व्यक्तिबाट फैसला बमोजिम असुल गर्नुपर्ने केही भए असुल गरी बाँकी धरौट फिर्ता हुनेछ र जमानीपत्र स्वतः खारेज भएको मानिनेछ।" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। साथै सो व्यवस्थालाई नै सारतःनिरन्तरता दिदै प्रचलित मुलुकी फौजदारी कार्यविधि सहिता २०७४ को दफा ७५ को उपदफा (१) मा "...धरौट राख्ने व्यक्ति अदालत समक्ष तोकिएको तारेखमा उपस्थित नभएमा निजले राखेको धरौट जफत हुनेछ।" भन्ने र सोहि संहिताको दफा ७५ को उपदफा (२) मा "...राखिएको अचल सम्पति रहेछ भने त्यस्तो व्यक्तिले बुझाउनु पर्ने रकम बराबरको सम्पति बिक्री वा असुल गरी अरु सम्पति निजलाई फिर्ता गर्नु पर्नेछ।" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। प्रतिवादी बणारसी प्रसाद रौनियारसंग माग गरिएको धरौटी वापत यी पुनरावेदक रामाकान्त राउतको नाउमा दर्ता रहेको जिल्ला धनुषा गा.वि.स. झिझा वडा नं.९क कि.न.२, ३१, ४९, ५९, ६५, ७२, ७३, ८५, ८६, ९३, १११, ऐ. ९ग ३०, ७४, ७९, १०३, ९६, ऐ. ९क ८३ समेतका १७ किता जग्गा जेथाजमानतसम्म दिएको देखिन्छ। यस्तो जेथाजमानत लिंदा प्रतिवादी बणारसी प्रसाद

रौनियारसंग जनकपुर भन्सार कार्यालयबाट मुलुकी ऐन अदालती बन्दोबस्तीको १२४क नम्बर बमोजिम तोकिएको तारेखमा उपस्थित नभएमा जेथा जमानत वापत राखेको धरौट जफत हुने उल्लेख गरी गराएको कागज सक्कल मिसिल नष्ट भएको कारण प्राप्त हुन सकेको छैन।

२४. यस स्थितिमा जनकपुर भन्सार कार्यालयबाट माग भएको धरौटी वापत प्रतिवादी वणारसी प्रसाद रौनियारलाई रामु भन्ने रमाकान्त यादवले आफ्नो नाम दर्तामा रहेको उल्लेखित जग्गा जेथा जमान्त दिई फैसला हुँदाको मिति सम्म पनि रोक्का रहेको र प्रतिवादी वणारसी प्रसाद रौनियार जनकपुर भन्सार कार्यालयबाट तोकिएको तारेखमा अनुपस्थित भई गुजारे पछि धरौट वापत रहेको उक्त अचल सम्पत्ति साविक मुलुकी ऐन, अदालती वन्दोवस्तको १२५नं. तथा प्रचलित मुलकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७५ को उपदफा(२) बमोजिम धरौट राखेको रकम वरावरको सम्पत्ती विक्री वा असुल गरी अरु सम्पत्ती रामु भन्ने रमाकान्त राउतलाई फिर्ता दिने निर्णय गर्नु पर्नेमा रोक्का रहेको समुचा सम्पत्ति जफत गरी नेपाल सरकारको नाममा दर्ता गर्ने भनी जनकपुर भन्सार कार्यालयको भन्सार अधिकृतबाट मिति २०७६।१।८ मा भएको फैसलाको तपसिल खण्ड(ङ) मा लेखिएको व्यहोरा कानूनी त्रुटीपूर्ण देखिँदा सो हदसम्म केही उल्टी भई बदर गर्नुपर्ने देखियो।

२५. तसर्थः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट प्रतिवादी बणारासी प्रसाद रौनियारले राख्नुपर्ने धरौट वापत जेथाजमानत दिने रामाकान्त राउतलाई फैसलामा प्रतिवादी कायम गरेको तथा प्रतिवादीहरुले तारेख छोडेको भनी प्रतिवादी रामाकान्त राउतले जेथाजमानत दिएको जग्गा नेपाल सरकारको नाममा दर्ता गराउने भनी फैसलाको तपसिल खण्डमा लेखिएको व्यहोरा साविक मुलुकी ऐनको अ.बं. १२४क. १२५ नं. तथा प्रचलित मुलुकी फौजदारी कार्यविधि सहिता २०७४ को दफा ७५ समेतको प्रतिकुल देखिँदा सो हदसम्म शुरु जनकपुर भन्सार कार्यालयका भन्सार अधिकृतबाट मिति २०७६।०१।०८ मा भएको फैसला केही उल्टी हुने ठहर्छ। अब प्रतिवादी बणारासी प्रसाद रौनियारलाई लागेको धरौटी वापतको रकम रामाकान्त राउतले जेथा जमानत दिई रोक्का रहेको जग्गाबाट मुलुकी फौजदारी कार्यविधि सहिता २०७४ को दफा ७५(२) बमोजिम असुल गरी बाँकी रहने सम्पती निजलाई फिर्ता गरीदिनु भनी शुरु जनकपुर भन्सार कार्यालयमा लेखि पठाईदिने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. माथि ठहर खण्डमा लेखिए बमोजिम प्रस्तुत मुद्दामा शुरु जनकपुर भन्सार कार्यालयका भन्सार अधिकृतबाट मिति २०७६।०१।०८ मा भएको

फैसलाको तपसिल खण्ड(ङ) मा लेखिएको व्यहोरा बदर हुने ठहरेकोले प्रतिवादी बणारासी प्रसाद रौनियारलाई लागेको धरौटी वापतको रकम रामाकान्त राउतले जेथा जमानत दिई रोक्का रहेका जग्गाबाट उक्त रकम मुलुकी फौजदारी कार्यविधि सहिता, २०७४ को दफा ७५(२) बमोजिम असुल गरी बाँकी रहने सम्पती निजलाई फिर्ता गरी दिनु भनी शुरु जनकपुर भन्सार कार्यालयमा लेखि पठाइदिनू।

२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु।

३. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

४. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा हामी सहमत छौं।

पुष्पप्रसाद गुरागाईं (लेखा सदस्य)

गोविन्दप्रसाद अधिकारी (राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः श्री भिष्म भट्टराई

इतिसम्बत २०७९ साल असोज ६ गते रोज ५ शुभम.............................

प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप